<u>**Media Report of the Book Launch- Alpabiram**</u>

**(Nepal's Second Generation Economic Reform and Dr. Chalise) May 5, 2016**

On first death anniversary of Late Dr. Bhola Nath Chalise, Samriddhi Foundation and Chalise family organized a book launch- ‘Alpabiram’ on May 5, 2016. ‘Alpabiram’ is a compilation of articles published by Late Dr. Bhola Nath Chalise. The book also includes articles written by senior experts in his memory.

Dr Bhola Nath Chalise was named Freedom Champion of Nepal in Asia Liberty Forum 2015 for his contribution in promoting individual and economic freedom during his time with the Government of Nepal and after. During his service as the Under Secretary, Joint – Secretary and Secretary of the Ministry of Industry for a period of 16 years, Dr. Chalise was a key figure in leading the process of formulating and enacting the Industrial Enterprise Act and Foreign Investment and Technology Transfer Act, 1992 which encompassed the vision of economic liberalization in Nepal. He also played an important role as the Secretary of Ministry of Industry in bringing about the Company Act, 1997 which eased the process of registering a business in Nepal to a great extent.

Also, on the occasion of the book launch, a panel of experts discussed on- “Nepal’s Second Generation Economic Reform”. Governor Dr. Chiranjibi Nepal was the Chief Guest for the program. The panelists were Bimal Wagle, Niranjan Shrestha and Bigyan Adhikari.

## Media Coverage

### Summary

The event was covered in five print media including Kantipur, Nagarik and Republica, four online portals and one news channel. This event has been widely covered event of the Foundation after the Asia Liberty Forum and Econity session with Former Finance Minister- Dr. Ram Sharan Mahat. Kantipur is the leading daily newspaper in Nepali category while Republica is second leading daily newspaper in English category. The event was also highlighted in prime time in News24. In recent times, only Asia Liberty Forum 2015 was covered in prime time news by channels.

### Newspapers

1. Nagarik

May 6, 2016

In memory of Late Dr. Bhola Nath Chalise, Samriddhi Foundation has released 'Alpabiram'. Alpabiram consists of articles writen by Late Dr. Chalise and few writing from senior experts as a tribute to the Freedom Champion. Dr. Chalise wrote on free market ideas and liberalization. His writings cover areas such as



नागरिक ७ | Friday, 6 May 2016 शुक्रबार, २४ वैशाख २०७३

**अर्थशास्त्री चालिसेका लेख संग्रह**

काठमाडौं, वैशाख २३ (नागरिक)- निरन्तर देशको आर्थिक सुधारबारे आवाज उठाउने अर्थशास्त्री तथा नेपाल सरकारका पूर्वसचिव स्वर्गीय भोलानाथ चालिसेको लेखहरूको संग्रह सार्वजनिक गरिएको छ।

उनको निधनको पहिलो वार्षिकीमा उनको योगदानलाई स्मरण गर्दै समृद्धि फाउन्डेसन तथा चालिसे परिवारले उनका लेखहरूको संग्रह 'अल्पबिराम' बिहीबार सार्वजनिक गरेका हुन्। स्पष्टवक्ता र स्वच्छ आचरणका चालिसे उद्योग नीति २०४९, औद्योगिक व्यवसाय ऐन, २०४९, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९, र कम्पनी ऐन२०५३ जस्ता नीतिका प्रमुख शिल्पी हुन।

उदार अर्थतन्त्रका हिमायती चालिसेले जीवनभर उदारवादी सिद्धान्तमा रहेर संघीयता, विकेन्द्रीकरण, केन्द्रीय योजना, आर्थिक नीति, विदेश नीति आदि जस्ता विषयमा सयौं लेख लेखेका थिए।

देशको अर्थराजनीतिक परिवेशमा आवश्यक र सुहाउँदो सुधारका लागि उनले लेख तथा अन्तरवार्ताहरूबाट आवाज उठाएका थिए। अल्पबिराममा स्वर्गीय चालिसेका ५० लेख तथा केही चर्चित अन्तर्वार्ताहरू समावेश गरिएको छ।

उनलाई नजिकैबाट चिन्ने वा निकट बसी काम गर्नेहरूले पनि सो पुस्तकमा उनीसँग काम गर्दाको अनुभव र उनको चिन्तनमाथि टिप्पणी गरी लेखेका लेख पनि पुस्तकमा छन्।

पुस्तकमा पूर्वअर्थमन्त्री रामशरण महत, महालेखापरीक्षक भानुप्रसाद आचार्य, पूर्वसचिव विमल वाग्ले, नेपाली कांग्रेसका नेता मनमोहन भट्टराई, वरिष्ठ पत्रकार, जलविद्युत विषेशज्ञ डम्बर नेपाली तथा राष्ट्रिय योजना आयोगका सह-सचिव गोपीनाथ मैनालीले चालिसेका सम्झनामा लेखेका लेखहरू समाविष्ट छन्। अल्पविराम सात मुख्य भागमा बाँडिएको छ। यसमा केन्द्रीय योजना प्रणाली र यसका विकल्प, निजीकरणको आवश्यकता र मर्म, आर्थिक नीति र व्यावसायिक वातावरणमा टिप्पणी, संघीयता र व्यक्तिगत स्वतन्त्रता, सरकारको भूमिका, विद्युत क्षेत्रमा सुधार र समसामयिक विषयमा बहस छन्। अन्तिम आठौं भागमा भने चालिसेका अन्य केही लेखहरू प्रस्तुत गरिएको छ।

पुस्तक विमोचन कार्यक्रममा नेपालको आर्थिक सुधारको दोस्रो चरण विषयमा पूर्वसचिव विमल वाग्ले, उद्यमी तथा नेपाल युवा उद्यमी मञ्चका पूर्वअध्यक्ष निरन्जन श्रेष्ठ, नेपाल राष्ट्र बैंकका गर्भनर चिरञ्जीवी नेपाललगायतले छलफल गरेका थिए।

federalism, decentralization, central planning, economic policies and foreign investment policies.

The chief guest, Dr. Chiranjibi Nepal, Governor shared his experiences working with Dr. Chalise and critiqued on policymakers for their formulating vague policies. The panelists were Bimal Wagle, Niranjan Shrestha and Bigyan Adhikari.

2. Kantipur

May 6, 2016



# 'दोस्रो आर्थिक सुधार सुरु गर्न नसक्दा अन्योल'

**कान्तिपुर संवाददाता**

काठमाडौं- राष्ट्र बैंकका गभर्नर चिरञ्जीवी नेपालले दोस्रो चरणको सुधार गर्न नसक्दा अर्थतन्त्र अन्योलमा रहेको बताएका छन्।

सन् १९९० को आर्थिक नीतिअनुसार चलिरहेको, विश्वका धेरैजसो मुलुकले दोस्रो चरणका सुधार गरिसकेका तर नेपालमा भने अघि बढ्न नसक्दा अर्थतन्त्र आन्योलमा रहेको बताएका हुन्। 'हामीले कुन खालको आर्थिक नीति अवलम्बन गरिरहेका छौं ?' अर्थविद् भोला चालिसेका लेखहरूको संग्रह 'अल्पविराम' पुस्तक सार्वजनिक समारोहमा उनले भने, 'विश्वव्यापी रूपमा दोस्रो चरणको सुधार भइसके। हामी १९९० कै नीतिमा चलिरहेका छौं।' पहिलो चरणको आर्थिक सुधारमा अर्थविद् चालिसेलाई सम्झँदै उनले उक्त धारणा राखेका हुन्। 'उदार अर्थतन्त्रको विचारलाई उनले कहिल्यै परिवर्तन गरेनन्,' उनले भने, 'तर, यहाँ समय अनुकूल विचार परिवर्तन गर्ने चलन छ।'

उदार अर्थतन्त्रका हिमायती चालिसेका लेखहरूको संग्रह 'अल्पविराम' पनि अर्थतन्त्र सुधारका विषयहरू समावेश छन्। चालिसे परिवार र समृद्धि फाउन्डेसनले संग्रहलाई एकीकृत गरी पुस्तकका रूपमा प्रकाशित गरेको हो।

उनको मृत्यु भएको वार्षिक पुण्यतिथिको अवसर पारेर राष्ट्र बैंकका गभर्नर नेपाल, पूर्व मुख्य सचिव विमल वाग्ले, योजना आयोगका सहसचिव गोपी मैनाली, नेपाल युवा उद्यमी मञ्चका पूर्वअध्यक्ष निरञ्जन श्रेष्ठ, पत्रकारहरू हरिबहादुर थापा, कुबेर चालिसे, केशव गौतम र विज्ञान अधिकारीले पुस्तक संयुक्त रूपमा विमोचन गरेका हुन्।

स्वर्गीय चालिसेले दुई दशकभन्दा लामो समय निजामती सेवामा बिताएका थिए। देशको आर्थिक सुधारका बारे निरन्तर आवाज उठाउने अर्थशास्त्रीका रूपमा चालिसेलाई चिनिन्छ। उद्योग नीति २०४९, औद्योगिक व्यवसाय ऐन २०४९, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९ र कम्पनी ऐन २०५३ उनले नै तयार पारेका हुन्। उनले आफ्नो जीवनभर उदारवादी सिद्धान्तमा आधारित रहेर संघीयता, विकेन्द्रीकरण, केन्द्रीय योजनालगायत विषयमा बहस गर्ने र लेख लेख्ने काम गरे। उनको मृत्युपछि उनका लेख विभिन्न प्रकाशन गृहबाट संकलन गरी पुस्तकका रूपमा सार्वजनिक गरिएको हो।

केन्द्रीय योजना प्रणाली र यसका विकल्प, निजीकरणको आवश्यकता र मर्म, आर्थिक नीति र व्यावसायिक वातावरणमा टिप्पणी, संघीयता र व्यक्तिगत स्वतन्त्रता, सरकारको भूमिका, विद्युत् क्षेत्रमा सुधार र समसामयिक विषयहरूमा विभाजन गरी चालिसेका लेखहरू पुस्तकमा समावेश गरिएको छ।

कार्यक्रममा बोल्दै पूर्व मुख्य सचिव विमल वाग्लेले चालिसेले त्याग गर्ने क्षमता राखेकाले नै मुलुकको अर्थतन्त्रमा योगदान गर्न सकेको बताए। उनका छोरा बटुककृष्ण चालिसेले उदारीकरणको अध्ययन अनुसन्धानका लागि छात्रवृत्ति प्रदान गर्न बाबुको नाममा एक कोष खडा गर्ने तयारी गरेको बताए।

Dr. Chiranjibi Nepal, Governor of Nepal Rastra Bank claimed that economic growth has not been achieved as we have not adopted reformed policies. Nepal's economy is still guided by 1990's policy which does not suit now.

Dr. Chiranjibi Nepal shared his experiences working with Late Dr. Bhola Nath Chalise in the occassion of book launch- Alpabiram. Alpabiram is a compendium of articles written by Dr. Bhola Nath Chalise on liberalization and free market policies.

3. Abhiyan

May 6, 2016



# स्व.चालिसेका लेखको सङ्ग्रह 'अल्पविराम' सार्वजनिक

वैशाख२३,काठमाडौं(अस)। खुला अर्थतन्त्रका अडिग पक्षपाती अर्थशास्त्री स्वर्गीय डा. भोलानाथ चालिसेका प्रकाशित लेखहरूको सङ्ग्रह 'अल्पविराम' सार्वजनिक भएको छ। समृद्धि फाउण्डेशन र चालिसे परिवारको संयुक्त प्रकाशन रहेको सो पुस्तकमा डा. चालिसेका ५० ओटा लेख र केही अन्तरवार्ताका साथै उनीसँग निकट रही काम गरेका विभिन्न व्यक्तिका लेख समावेश छन्।

केन्द्रीय योजना प्रणाली र यसका विकल्प, निजीकरणको आवश्यकता र मर्म, आर्थिक नीति र व्यावसायिक वातावरणमा टिप्पणी, सङ्घीयता र व्यक्तिगत स्वतन्त्रता, सरकारको भूमिका, विद्युत् क्षेत्रमा सुधार र समसामयिक विषयमा बहस गरी 'अल्पविराम' सात मुख्य भागमा बाँडिएको छ । अन्तिम आठौं भागमा डा. चालिसेका अन्य केही लेख प्रस्तुत गरिएको छ।

पुस्तक विमोचन कार्यक्रममा नेपालको आर्थिक सुधारको दोस्रो चरण विषयमा छलफलसमेत भएको थियो। कार्यक्रममा बोल्दै नेपाल राष्ट्र बैङ्कका गभर्नर डा. चिरञ्जीवी नेपालले स्वर्गीय चालिसे नेपाली अर्थतन्त्रलाई नयाँ गति र स्वरूप दिने, विचारमा प्रतिवद्ध र इमानदार अर्थशास्त्री भएको स्मरण गरे । डा. चालिसेका विचार पच्छ्याउने हो भने मुलुकले काँचुली फेर्ने उनको भनाइ थियो।

त्यस्तै, पूर्वसचिव विमल वाग्लेले डा. चालिसेले खुला अर्थतन्त्र र निजीकरणका पक्षमा पुऱ्याएको योगदान अतुलनीय रहेको धारणा राखे। कार्यक्रममा नेपाल युवा उद्यमी मञ्चका पूर्वअध्यक्ष निरञ्जन श्रेष्ठ, नेपाल आर्थिक पत्रकार समाजका निवर्तमान अध्यक्ष विज्ञान अधिकारी स्वर्गीय चालिसेपुत्र डा. बटुककृष्ण चालिसेलगायतले आआफ्नो धारणा व्यक्त गरेका थिए।

दुई दशकभन्दा लामो समय निजामती सेवामा बिताएका र देशको आर्थिक सुधारबारे निरन्तर आवाज उठाउने चालिसे निजीकरणका जबरजस्त समर्थक थिए। स्पष्टवक्ता र स्वच्छ आचरण भएका भनेर चिनिने डा. चालिसे उद्योग नीति २०४९, औद्योगिक व्यवसाय ऐन २०४९, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन २०४९, र कम्पनी ऐन २०५३ जस्ता नीतिका प्रमुख शिल्पीसमेत थिए। उदार अर्थतन्त्रका हिमायती भनेर परिचित डा. चालिसेले जीवनभर उदारवादी सिद्धान्त, सङ्घीयता, विकेन्द्रीकरण, केन्द्रीय योजना, आर्थिक नीति, विदेश नीतिलगायत विषयमा आफ्ना लेख तथा अन्तरवार्ताबाट आवाज उठाएका थिए ।

: एक्सप्रेस कलर प्रेस क. प्रा.लि., बुद्धनगर, काठमाडौं

अभियान

Works of Late Dr. Bhola Nath Chalise has been published by Samriddhi Foundation. 'Alpabiram' consists of fifty articles written by Dr. Chalise and few articles written by senior experts.

4. Karobar

May 6, 2016



रोबार

पहिलो राष्ट्रि

## अर्थशास्त्री चालिसेको 'अल्पविराम'

वरिष्ठ अर्थशास्त्री तथा पूर्वसचिव स्व. डा. भोलानाथ चालिसेले नेपालको आर्थिक सुधारका लागि विभिन्न लेख तथा अन्तर्वार्तामार्फत उठाएका आवाजहरूको संग्रह 'अल्पविराम' सार्वजनिक गरिएको थियो । चालिसेको निधनको एक वर्ष पुगेको अवसर पारी उनको परिवार र समृद्धि फाउन्डेसनद्वारा प्रकाशित यो पुस्तकको बिहीबार विमोचन गरिएको हो । 'अल्पविराम' मा चालिसेका ५० वटा लेख तथा केही अन्तर्वार्ता समावेश छन् । उनलाई नजिकैबाट चिन्ने र निकट बसी काम गर्नेहरूको उनीसँग काम गर्दाको अनुभव र उनको चिन्तनमाथिका टिप्पणी पनि यसमा समावेश गरिएको छ ।

Samriddhi Foundation has published Late Dr. Bhola Nath Chalise's work as 'Alpabiram' marking first death anniversary of Dr. Chalise's sad demise.

5. Republica

May 6, 2016




Governor of Nepal Rastra Bank Chiranjibi Nepal addresses an interaction on 'Nepal's Second Generation Economic Reform' organized in Kathmandu on Thursday by Samriddhi Foundation. At the program, Governor Nepal also launched a book titled 'Alpabiram' that incorporates the works of former secretary and economist Late Bhola Chalise.

Img: Dr. Chiranjibi Nepal, Governor of Nepal Rastra Bank during an interaction on 'Nepal's Second Generation Economic Reform' and book launch of 'Alpabiram'.

**Online portals**

1. Corporate Nepal

May 6, 2016

## अर्थशास्त्री चालिसेका लेखहरुको संग्रह 'अल्पविराम' प्रकाशित

शुक्रबार, वैशाख २४, २०७३ साल



काठमाडौं । अर्थशास्त्री स्वर्गीय डा. भोलानाथ चालिसेका प्रकाशित लेखहरुको संग्रह 'अल्पविराम' सार्वजनिक भएको छ । स्वर्गीय चालिसेको बार्षिक स्मृतिमा कार्यक्रम गरी उक्त पुस्तक विमोचन गरिएको हो ।

संवृद्धि फाउण्डेशन र चालिसे परिवारले प्रकाशन गरेको पुस्तकको नेपाल राष्ट्र बैंकका गर्भनरलगायतले विमोचन गरेका हुन । उदार अर्थव्यवस्था र विकेन्द्रीकरणका पक्षपाती चालिसे नेपाल सरकारका पूर्वमुख्य सचिवसमेत हुन ।

आर्थिक विकासका लागि निजी क्षेत्रलाई नै प्रोत्साहित गर्नुपर्छ भन्ने उनी राज्यले व्यवसाय गर्ने नभई सहजकर्ता र नियमकको भूमिका निर्वाह गर्नुपर्ने भन्दै सार्वजनिक संस्थानहरु जे गरे पनि सुधार नहुने भएकोले निजीकरण गर्नुपर्ने बताउँदै आएका थिए ।

उनकै पहलमा उद्योग नीति, २०४९, औद्योगिक व्यवसाय ऐन, २०४९, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९, कम्पनी ऐन, २०५३ जस्ता ऐन नियम तयार भएका थिए । उनले विभिन्न समयमा लेखेका यस्ता लेखहरुको संग्रह गरी पुस्तक तयार पारिएको हो ।

यसमा उनका ५० वटा पूर्वप्रकाशित लेख छन भने केही अन्तरवार्ता छन् । उनीसँगका अनुभवलाई समेटेर पूर्वअर्थमन्त्रीलगायतका केही थप लेख पनि यस पुस्तकमा समावेश गरिएको छ । विमोचन कार्यक्रममा गर्भनर नेपालले स्वर्गीय चालिसेको विचारलाई बहसमा ल्याउनु जरुरी रहेको बताए ।

उनले आफू चालिसेकै विचारको पछि रहेको भन्दै पहिलो चरणको आर्थिक सुधारमा पनि चालिसेको हात रहेको बताए । गर्भनर नेपालले अहिले हामी कुन आर्थिक नीतिमा काम गरिरहेका छौं, थाहा छैन भन्दै विश्व धेरै परिवर्तन भइसके पनि हाम्रो नीति भने परिवर्तन हुन नसकेको बताए ।

पूर्वसचिव विमल वाग्लेले निजामती सेवामा हुँदा इमान्दारितापूर्वक काम गर्नुभएका चालिसे निजी क्षेत्रलाई आर्थिक वृद्धिको इन्जिनको रुपमा हेर्नु चाहानुहुन्थ्यो भने । युवा उद्यमी निरञ्जन श्रेष्ठले पहिलो आर्थिक सुधारपछि दोस्रो हुन नसक्दा नीतिगत अभाव खडकिएको बताए ।

Samriddhi Foundation has unleashed book 'Alpabiram' on May 5, 2016 which is the compilation of articles written by Late Dr. Bhola Nath Chalise.

2. Nayapatrika

May 6, 2016

## अर्थशास्त्री चालिसेको 'अल्पविराम' सार्वजनिक

**नयाँ पत्रिका**

**काठमाडौं, २४ वैशाख**

वरिष्ठ अर्थशास्त्री तथा नेपाल सरकारका पूर्वसचिव स्व. डा. भोलानाथ चालिसेका लेख तथा अन्तर्वार्ताको संग्रह अल्पविराम बिहीबार सार्वजनिक भएको छ ।

चालिसेको निधन भएको १ वर्ष पुगेको अवसरमा समृद्धि फाउन्डेसन र चालिसे परिवारले पुस्तक सार्वजनिक गरेका हुन् ।

उदारवादी व्यवस्था लागू भएपछि डा. चालिसेको अगुवाइमा मुलुकमा विभिन्न औद्योगिक ऐन बनेका थिए । उद्योग नीति, २०४९, औद्योगिक व्यवसाय ऐन, २०४९, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९, र कम्पनी ऐन, २०५३ जस्ता नीतिहरू उनको नेतृत्वमा निर्माण भएका थिए ।

उदार अर्थतन्त्रका हिमायती डा. चालिसेले आफ्नो जीवन अवधिभर उदारवादी सिद्धान्तको पक्षपोषण गरिरहेको पूर्वसचिव विमल वाग्लेले बताए । 'उहाँ निजीकरण सबै रोगको उपचार हो भन्नुहुन्थ्यो, सार्वजनिक संस्थान जे गरे पनि डुब्छ भन्नुहुन्थ्यो,' वाग्लेले बताए । गभर्नर डा. चिरञ्जीवी नेपालले आफू डा. चालिसेको पछिपछि हिँड्ने मानिस भएको बताए ।

'अल्पविराम'मा डा. चालिसेका ५० लेख तथा केही गनेचुनेका अन्तर्वार्ता समावेश छन् । उनीसँग निकट बसी काम गर्नेहरूको अनुभव पनि पुस्तकमा समेटिएको छ ।

On first death anniversary of Late Dr. Chalise, Samriddhi Foundation launched 'Alpabiram'- compilation of Dr. Chalise's articles.

3. Bizmandu

May 5, 2016

## खुला बजारका हिमायती स्वर्गीय चालिसेको पुस्तक अल्पविराम, जसले औद्योगिक विकासको ढोका खोले

**काठमाडौं** । खुला बजार अर्थनीतिका हिमायती डा भोला चालिसेको निधनको वार्षिक पुण्यतिथीमा समृद्धि फाउन्डेसनले उनको लेखरचनासहितको पुस्तक अल्पविराम सार्वजनिक भएको छ ।




यो पुस्तकमा उनले विभिन्न संचारमाध्यममा प्रकाशित लेखरचना र उनका निकट रहेका व्यक्ति र पत्रकारहरुको लेख समेत समेटिएको छ । दुई दशकभन्दा लामो समय निजामति सेवामा बिताएका चालिसेले आर्थिक सुधारका पक्षपाती थिए । उनको पालामा उद्योग नीति २०४९, औद्योगिक व्यवसाय ऐन २०४९, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन र कम्पनी ऐन २०५३ आएको थियो ।

सार्वजनिक कार्यक्रममा पूर्व सचिव विमल वाग्लेले खुला बजार र उदार अर्थतन्त्रका हिमायती चालिसेले तयार पारेको औद्योगिक मार्गचित्रसहितको नीतिले निजी क्षेत्र फष्टाउन पाएको बताए । उनले निजी क्षेत्रमैत्री मात्रै नभएर इमान्दार प्रशासक समेत भएको बताउँदै उनले लोभ नभएका प्रशासकको रुपमा परिचित रहेको बताए ।

वाग्लेले आफ्नो अडानमा रहने व्यक्तिको रुपमा रहेका चालिसेले कहिल्यैपनि विचार परिवर्तन नगर्ने व्यक्तिको रुपमा चिनिएको बताए । नेपाल युवा उद्यमी मञ्चका निवर्तमान अध्यक्ष निरञ्जन श्रेष्ठले चालिसेसँगको संगत कम भएपनि खुला बजारका हिमायती भएकै कारण औद्योगिक क्षेत्रले फष्टाउने मौका पाएको बताए ।

उनले लाइसेन्स राजका कारण उद्योगमा असफल भएको आफ्नो समूहले खुला बजारकै कारण फष्टाउने मौका पाएको बताए । राष्ट्र बैंकका गभर्नर डा चिरञ्जिवी नेपालले खुला बजारप्रतिको चालिसेको योगदानले मुलुकको औद्योगिक विकासमा कोशेढुंगा सावित भएको बताए । समृद्धि फाउन्डेसनका दिपेन्द्र चौलागाईले राजनीतिक कारणले खुला बजार अर्थतन्त्रमा अल्पविराम लागेको बताउँदै चालिसेको निधनले खुला बजारलाई निरन्तर खबरदारी गर्ने व्यक्ति गुमाएको बताए ।

Samriddhi Foundation has released works of Late Dr. Bhola Nath Chalise on first anniversary of his sad demise. Dr. Chiranjibi Nepal launched the book- Alpabiram which consists of fifty articles by Dr. Chalise and few articles from senior experts.

4. Glocal Khabar

May 6, 2016

## Uncovering ‘Alpabiram’




**Kathmandu,May 05,2016:**In the memory of significant contributions made by Late Dr. Bholanath Chalise Samriddhi foundation together with Chalise's family inaugurated the book,'Alpabiram'. A strong advocator of private company, former Secretary of government of Nepal, Dr. Chalise was a liberal economist who never stepped back to raise his voice for the economic revolution in Nepal even though some people at times criticized his words.

Highly recognized as an honest bureaucrat he has spent more than two decades of his life on bureaucracy. Dr. Chalise was an expert in formulating policies on industrialization, federalism, liberal economic plans and foreign plans and has written hundreds of articles related to them 40 of which are included along with some of his interviews in the book.

Honorable dignitaries like Dr. Chiranjibi Nepal, Governer of Nepal Rastra Bank, Mr. Bimal Wagle former secretary, Mr. Niranjan Shrestha chairperson of Nepal Youth Enterprenaur Association, Mr.Bigyan Adhikari former chairperson of Nepal Economic Journalist Society shared their working experience with Dr. Chalise with their heartfelt condolences.

Along with the economists presented in the inauguration ceremony, the elder son of Chalise,Dr. Batuk Nath Chalise forwarded that in today's world of modernization, especially in Nepal, principles of Dr. Chalise are a must for promoting liberal economy for the entire prosperity of the nation. “This will certainly be a huge respect for my late father”, added Batuk Nath Chalise.

Samriddhi Foundation and Chalise Family inaugurated the book- 'Alpabiram' to mark Late Dr. Bhola Nath Chalise's first death anniversary.

**Television**

1. News 24

May 5, 2016

# नीतिगत अन्यौलले अर्थतन्त्रलाई प्रभावित : गभर्नर नेपाल



नेपाल राष्ट्र बैंकका गर्भनर डा चिरञ्जीवी नेपालले नेपालका नीति निर्माताहरु स्पष्ट नभएको कारण नीतिगत अन्यौलले अर्थतन्त्रलाई प्रभावित पारेको बताउनु भएको छ । अर्थबिद स्वर्गीय डा भोलानाथ चालिसेले उदार अर्थनीति र स्वतन्त्र अर्थब्यवस्थाको बिषयमा लेख्नु भएको सग्रहको विमोचन गर्दै गर्भनर नेपालले मुलुकमा उदार अर्थतन्त्र र स्वतन्त्र अर्थब्यवस्थाको विकास आवश्यक भएको बताउनु भयो ।

बिहीवार समृद्धि फाउण्डेसनको आयोजनामा नेपालमा उदार अर्थब्यवस्था र नीजिकरणका हिमायती पुर्व सचिव तथा अर्थबिद स्वर्गीय चालिसेले अवलम्वन गरेको उदार अर्थब्यवस्थालाई आधारित रहेर तयार पारिएको सग्रह अल्पबिराम सार्वजनिक भएको छ । नेपाल राष्ट्र बैंकका गर्भनर डा चिरञ्जीवी नेपालले नेपालमा उदार अर्थब्यवस्था र नीजि क्षेत्रको स्वतन्त्रता सौब्दयतालाई कायम राख्न नीति निर्माताहरु प्रष्ट हुनु पर्ने बताउनु भयो ।

उदार अर्थब्यवस्थामा मात्र आर्थिक समृद्धि र विकास सम्भव भएको बताउनु भयो ।

कार्यक्रममा पुर्व सचिव बिमल वाग्लेले नेपालमा उदार अर्थब्यवस्था र नीजि क्षेत्रमा पुर्याएको योगदानको चर्चा गदै नेपालमा नीजि क्षेत्रको अस्तित्वलाई डा चालिसेले स्थापित गरेको बताउनु भयो ।

नेपाल युवा उद्यमी मचका निर्वतमान अध्यक्ष निरञ्जन श्रेष्ठले नेपालमा नीजि क्षेत्रको अस्थित्व र विकासमा नीति निर्माताहरु स्पष्ट हुन नसकेको अवस्थामा उहाँको सकृयतामा जारी भएको औधोगिक नीति तथा उदार अर्थब्यवस्थाको चर्चा गर्नु भयो ।

डा बटुकृष्ण चालिसेले नेपालको नीजिमति प्रशासनमा इमान्दार ब्यक्तिको रुपमा निर्वाह गरेको गदै नेपालको प्रशासनिक सुधारमा उहाँको योगदानको चर्चा गर्नु भयो ।

नेपाल आर्थिक पत्रकार समाजका पुर्व अध्यक्ष बिज्ञान अधिकारीले नेपालमा उदार अर्थब्यवस्था र नीजि क्षेत्रको विकासमा नीति निर्माता र राजनीतिक बृत्तमा स्पष्टता र इमान्दारिता आवश्यक भएको बताउनु भयो । आयोजक सस्था समृद्धि फाउण्डेसनका कार्यक्रम निर्देशक दिपेन्द्र चौलागाँइले नेपालमा उदार अर्थब्यवस्था र नीजि क्षेत्रमा जीवनभर काम गरेको अनुभवलाई लिएर अल्पबिराम प्रकाशन गरेको बताउनु भयो ।

On occasion of book launch- 'Alpabiram', Governor Dr. Chiranjibi Nepal shed light on ineffective and vague policies that has crippled economy. He spoke on importance on free market policies and liberalization for economic growth.

(3 minute long coverage of the event was showcased on news prime time).